अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको तत्वावधानमा
न्युयोर्क अमेरिकामा आयोजित अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा
***नेपाली साहित्य र डायास्पोरा** विषयक प्रस्तुत कार्यपत्र,*
१५ अगस्ट २००९ (३१ साउन २०६५)

साहित्यमा डायास्पोरा : सिद्धान्त र समालोचनाको स्वरूप

डा. गोविन्दराज भट्टराई
प्राध्यापक (अङ्ग्रेजी), त्रिभुवन विश्वविद्यालय
tu.govinda@gmail.com

व्युत्पत्तितिर

डायास्पोरा (Diaspora) ग्रीक भाषाबाट आएको शब्द हो, dia र speiro मिलेर बनेको । शाब्दिक तहमा dia को अर्थ कुनै ठाउँबाट बाहिर (through, over) अनि speir को अर्थ परिक्षेपण अथवा छरिने/छर्ने, हुत्याउने, पठाउने काम भन्ने हुन्छ । अर्को अर्थ बीउ छर्नु भन्ने पनि हुन्छ । सुरुमा यो शब्दले छैटौँ शताब्दीमा भएको यहूदीको छिन्नभिन्नतालाई जनाउँथ्यो, तर बिस्तारै यो शब्दको आज अर्थविस्तार भएको छ, यसको सुरुको आशय अहिले अर्कै भएको छ । सुरुमा यो शब्दले हिंसा, विप्लव, एकलाव, क्षय, निर्वासन, र फिर्ती जस्ता कारणले बाहिरिने प्रक्रियालाई जनाउँथ्यो । एकप्रकारको देशनिकाला, निष्कासन वा निर्वासनसित जोडिएको कुरा थियो । प्राचीनकालमै ग्रीसमा प्रचलित शब्द डायास्पोराले यहूदी, ग्रीक, अर्मेनियाली जस्ता समुदायबाट काटिएका, यातनाले छुट्टिएका, पाखा निस्केर, भागेर बाँचेका भन्ने अर्थ दिन्थ्यो । त्यो निष्कासन र बँचाइ सीमित भूगोलमा थियो । प्यालेस्टिनी भूमिबाट छुट्टिएका यहूदी भारत, वर्मा, जापान पुगेनन्, किनकि उनीहरू नजिकको भौगोलिक परिवेशमै रमाए अथवा त्यसबेला टाढाटाढा पुग्नु असम्भव थियो । अनेक कारणले सर्वमिश्रणलाई रोकेको थियो । त्यो राजनीतिक वा धार्मिकरूपले हेरिने डायास्पोराले 'इथ्नोडायस्पोरा' बनायो; त्यो डायास्पोराको आदिम स्वरूप थियो । त्यो सीमित, ससानो 'इथ्नो' अर्थात् जातीय डायास्पोराले आज अन्तर्राष्ट्रिय रूप लिएको छ ।

आज परिस्थिति भिन्न छ, मानिस सर्वत्र छरिने कारण र प्रकृति भिन्न छ, दूरी फरक छ । आजको यस्तो प्रकारको डायास्पोरालाई 'इथ्नोस्केप्स्' भनिएको छ, ल्यान्डस्केप, मुनस्केप, सिस्केपजस्तो एक नयाँ शब्द । 'स्केप' को अर्थ हुन्छ परिदृश्य, व्यापक, विस्तृत परिवेश । ल्यान्डस्केप माने भूपरिदृश्य । त्यसैगरी 'इथ्नोस्केप' ले अनेक जातिले निर्मित, बसोबास गरेको, फरक विस्तृति भन्ने जनाउँछ । आजको एक डायास्पोरामा अनेक जाति हुन्छन् । इथ्नोस्केपले त्यो ठाउँमा, देशभन्दा बाहिर वा कतै बसेको एउटा राष्ट्रिय वा अनेक जातीय समूह भन्ने बुझाउँछ । आज हेर्नू– हरेक ठूलो सहर इथ्नोस्केप बनेको छ, हरेकजसोमा नेपाली जाति पनि पुगेको छ । हरेक देशका नागरिक अन्य मुलुकका राजधानी वा ठूला सहरमा पुगेका छन् भने आज यो पूर्णरूपले सकारात्मक अर्थबोधक अवधारणाको रूपमा विकसित भएको छ । यो वर्तमान विश्वपरिस्थितिसँग जोडिएको ठूलो चुनौती र अवसरबोधक अवधारणा हो । ग्लोबलता र मार्जिनलताको कुरो नउठाई वर्तमान विश्वपरिस्थितिको कुरा गर्नै नसकिने भएको छ । तिनै दुइटा कुरामा टेकेर उभिएको अवधारणा हो 'डायास्पोरा' । अर्थात् डायास्पोरा ग्लोबलताले छरेको लाखौँ किनारीकृत समुदायको कुरा हो; तिनीहरूको भाषिक, साहित्यिक, सांस्कृतिक,

कानुनी र अझ राजनीतिक परिचयको खोजी र स्थापनको कुरा हो । अपरिचयलाई झट्कारेर आफ्नै जरामा टेक्ने, फेरि नयाँ भूमिमा पलाउने चेष्टा हो । वर्तमान विश्वको ठूलो अंश यस चेतनाले उम्लिएको छ ।

नेपालीमा अवतरण

नेपाली साहित्यमा डायास्पोरा शब्दको व्युत्पति, यसको प्राचीन अर्थ र अत्याधुनिक अर्थविस्तारका बारेमा प्रारम्भिक चर्चा भइसकेको छ; डायास्पोरिक लेखनका विशेषता र तिनको उदाहरणको पनि चर्चा भइसकेको छ । (हेर्नू, भट्टराई, २०६४) । नेपाली भाषामा डायास्पोरा शब्दको प्रयोग हुन थालेको एक दशक पनि पुगेको छैन । यसलाई 'डायास्पोरा' नै प्रयोग गर्ने गरिएको छ । यद्यपि नेपाली विद्वान्हरूले हालै एउटा प्रस्ताव राखेका छन्– जसरी 'ट्र्याजेडी' लाई ध्वनि साम्यताको आधारले 'त्रासदी' भन्दछौँ त्यसैगरी ध्वनिसाम्यताको आधारले डायास्पोरालाई 'देशपारीय' भन्ने हो कि, नेपालीकरण गर्ने हो कि ? हिन्दी साहित्यमा त्यसलाई अभिजन भनिएको छ । यो हामीले छलफल गर्ने कुरा हो । डायस्पोराको बारेमा विमर्श गर्नु भनेको नयाँ समयले विश्वभरि छरेको जातिलाई, उसको कर्म, मनोजगत् र अवस्थितिलाई पुनःपरिभाषित गर्ने कर्म हो । त्यसलाई सम्मान र प्रतिष्ठाले अझ मानवतावादी सिद्धान्तले सुरक्षित गर्ने कर्म हो ।

यो ऐतिहासिक दिन

यतिखेर साहित्य-संस्कृतिका परिभाषा बदलिएका छन्, वर्तमान सभ्यताको स्वरूप र अर्थ नै बेग्लै भएको छ । यस परिप्रेक्ष्यमा नेपाली वाङ्मयमा डायास्पोराको अवधारणालाई भिजाउने ससाना प्रयत्न हुन थालेका छन् । त्यहाँ एकदुई गोष्ठीपत्र भए, विश्वविद्यालयअन्तर्गत एकदुई अनुसन्धान हुँदैछन्, तर आज न्यूयोर्कमा हुन लागेको यो कार्यक्रम नेपाली डायास्पोराविषयक प्रथम अन्तर्राष्ट्रियस्तरको प्रयत्न हो । त्यसो त **अनेसास**ले नै सर्वप्रथम डायास्पोरा पुरस्कारको स्थापना गरी विश्वभरकै नेपाली स्रष्टाको ध्यान त्यतातिर तान्न थालेको छ; तर आज जुन प्रकारको महत्व दिएर यस विषयमा केन्द्रित भई गोष्ठीपत्र, विमर्श र छलपलको आयोजना गर्ने निर्णय गरिएको छ, यसले नेपाली साहित्यमा एक ऐतिहासिक दिनको आरम्भ गर्नेछ, सधैँ त्यसको सम्झना गराउनेछ । यसबाट नेपाली साहित्यको परिभाषामा परिमार्जन र संशोधन हुनेछ, यसले नेपालीलेखन विश्वलेखनसँग जोड्न थाल्नेछ र एक व्यापक **विश्वएकेडेमी**को परिकल्पनाले मूर्तरूप लिन थाल्नेछ । त्यसो त हालै पूर्वोत्तर पर्वतीय विश्वविद्यालय सिलाङको एक महासम्मेलनमा भाग लिन जाँदा एउटा छनक पाएको थिएँ– टिवी सुब्बालगायतका भारतीय नेपाली जातिप्रेमीहरूले मिलेर एक महासम्मेलनको तयारी गरिरहेका छन् । आउँदो समयमा **इन्डियन नेपाली डायस्पोरा** विषयमा एक विश्वसम्मेलन हुनेछ, तर त्यस्ता सारा कर्मको आरम्भबिन्दुमा बसेर **अनेसास** अमेरिकाले आज यस विषयक प्रथम अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठीपत्र र विमर्शको आयोजना गऱ्यो । मैले भनेँ– यो एक ऐतिहासिक प्रथम सम्मेलन हो ।

यस्तो महासम्मेलनको सुअवसर पारेर मलाई डायस्पोरा सम्मान तथा पुरस्कार प्रदान गर्ने यस **खेमलाल हरिकला लामिछाने डायस्पोरा पुरस्कार**का प्रायोजक श्री जीवा लामिछानेप्रति र मलाई निमन्त्रणा पठाएर अनुगृहीत गर्ने भारती गौतमलगायत वर्तमान समितिप्रति र विशेष गरी **अनेसास** जस्तो भविष्यको विश्वएकेडेमीको परकल्पनाकार यसका संस्थापक अध्यक्ष श्री होमनाथ सुवेदीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अवसरमा मलाई तपाईंहरूसँग देशपारीय साहित्यको विषयमा अनेक कुरा गर्ने मन लागेको छ, संसारभरि खुलेका अनेक यस्ता केन्द्रको विषयमा जानकारी प्राप्त गर्ने इच्छा छ, त्यहाँका साहित्यिक प्रयत्न र चिन्ताको कुरा सुन्न मन लागेको छ । अन्य साहित्यझैँ नेपालीको पनि एक भिन्न वैकल्पिक धारले गरेको प्रगति र योगदानको चर्चा, विमर्श र मूल्याङ्कन गर्न अबेर भइसकेको बेला खासगरी अमेरिका, बेलायत र हङकङ जस्ता सिर्जनाको घनत्व भएका केन्द्रको अभिलेखन र प्रशंसा गर्न ढिला भइसकेको बेला हामी यस महत्वपूर्ण विषयमा विमर्श गर्न यहाँ जुट्यौँ । हाम्रा यस्ता अनेक प्रयत्नबारे मूलधारमा बस्नेलाई पनि जानकारी दिनुपरेको छ । मूलधारीय साहित्य के हो ? त्यसको पुरानो मान्यताको पुनर्निर्माण गर्नुपरेको छ । अब एक होइन अनेक प्रकृतिका, भूगोलका, संस्कृतिका, बोलीका सिर्जना मिलेर मात्रै मूलधार बन्दछ । अङ्ग्रेजी साहित्यमा संसारका अनेक भेदहरू मिसिएझैँ, पढिएझैँ अब नेपालीलाई पनि यही परिप्रेक्ष्यमा बुझ्ने र बुझाउने समय आएको छ ।

देशपारीय साहित्यसँग संस्कृति, धर्म, राजनीति र समग्र जीवनपद्धति नै जोडिएको हुन्छ । सर्वप्रथम ता नेपालीमा यसको सैद्धान्तिक आधारको स्थापना आवश्यक छ, किनभने नेपाली जातिको झन्डै ३०० वर्षदेखिको बहिर्गमन भिन्न देशमा भिन्न कारणले पनि छ, भिन्न प्रकृति र उद्देश्यको छ । त्यो केलाउने बेला भइसकेको छ । यसको उचित व्याख्या र विश्लेषण भएपछि मात्र हाम्रा कार्यको अर्थ लाग्छ ।

म आज साहित्यमा डायास्पोराको सिद्धान्तबारे अलिकति चर्चा गर्न चाहन्छु; त्यसपछि नेपाली साहित्यलाई जोडेर डायास्पोरिक सिर्जना र समालोचनाको चर्चा गर्न चाहन्छु ।

डायास्पोरा अर्थविस्तार

आज यस शब्दले साझा पैतृकभूमि (उत्पति) भएका ती व्यक्तिको समूहलाई जनाउँछ जो स्वैच्छिक अथवा बाध्यात्मक रूपले (बसाइँ) सर्दछन्; जसले नयाँ ठाउँमा अनुभव गरिएको भिन्नताबोध अनि मार्जिनलतालाई जनाउँछ । तर गृहदेश र क्षेत्रीयता, निर्वासन र फिर्ती, अन्यदेशीयता र स्वदेश जस्ता अवधारणा अत्यधिक जटिल छन्, आज अत्यधिक विवादास्पद पनि । अहिले प्रविधि र यात्राको अवसरले राष्ट्रिय सीमाहरूमा अनेक प्वाल परेका छन्, त्यहाँ हजार ढोका खुलेका छन्, त्यसकारण आज एक राष्ट्रप्रतिको अटल श्रद्धा र एकल सामूहिकता समस्यापूर्ण कुरा भएका छन् । आप्रवास प्रक्रिया बढ्दो छ, डायास्पोरा निर्माण बद्दो छ, त्यो समाज आफ्नो परिचयको समस्याले आक्रान्त छ । त्यहाँको सिर्जनामा पनि त्यही नयाँ अनुभूति थपिँदो छ । देशदेशले कमाउने रेमिटेन्स, बसाइँसराइ, विदेशगमन र लेबर फोर्सको आवागमन झन्झन् बढ्दो छ ।

भारतका अनेक विश्वविद्यालयमा डायास्पोरा अध्ययनका पाठ्यक्रम र अनुसन्धान सञ्चालित छन्; जस्तै– **सेन्टर फर द स्टडि अव् इन्डियन डायास्पोरा,** युनिभर्सिटी अव हैदराबाद । **डायास्पोरा स्टडिज**ले डायास्पोरिक समुदायको समाजशास्त्र, भूगोल, धर्म, मनोविज्ञान, इतिहास र साहित्य-संस्कृतिको अध्ययन गर्दछ, तर मूलतः यो वर्तमान विश्वपरिवेशमा देशपारीय बसाइँसराइसित सम्बद्ध र त्यससँग जोडिएको प्रवास प्रक्रिया हो ।

समकालीन विश्वसाहित्यको कुरा उठ्ता देशपारीय परिस्थितिले जन्माएका लेखकहरू, तिनीहरूले उत्पन्न गरेका हाइब्रिड संस्कृति, चेतना र सन्दर्भहरूको कुरा नगरी हुँदैन । राष्ट्र-राष्ट्रले थुनेर राखेकाहरू त्यो सीमा-घेरा फोरेर उडेका छन् र एक रहस्यको, आश्चर्यको, भय र नवीनता मिसिएको सिर्जना बोकेर आइरहेका छन् ।

डायास्पोरालाई हेर्ने भ्याल अनेक छन् । यता सोसल साइन्सेजबाट हेर्नेले जनसङ्ख्या, बसाँइसराइ आदिको ऐनाले डायास्पोरा चित्र हेर्दछ; मानवशास्त्रीय दृष्टिबाट हेर्नेले अनेक ठाउँ छरिन चाहने र सक्ने मानव स्वभाव, प्राचीनताको विलयन र नयाँ परिस्थितिमा मानवमूल्य हेर्दछ । पर्यावरणविद्ले जलवायु तथा भूमिमाथिको भारक्षमता र स्थानीय समाजमा त्यसको प्रभाव हेर्दछ । डायास्पोरालाई हेर्न कानुन, न्याय, मानव अधिकार, मनोविज्ञान, इतिहास, धर्म, द्वैदेशिक सम्बन्धजस्ता विविध क्षेत्र अघि सरेका छन् । साहित्यको अध्येताले भने डायास्पोराबाट साहित्य तत्व लिन्छ, त्यसमा धेरै प्रतिबिम्बित हुन्छन्, एउटा समाजिक जीवनै अभिलिखित हुन्छ, कलासङ्गीतमा पनि त्यस्तै । यसरी डायास्पोरा एक विशाल भण्डार हो, नयाँ विश्वचेतना, नयाँ परिवेशले अर्थ दिइरहेको अर्को, सर्वमिश्रित विश्व, सर्वमिलनको पिडाले उम्लिरहेको अपरिचय ।

आज प्रत्येक देशको साहित्य-कलालाई मूलधार उत्पादन मानिन्छ । यो भौगोलिक र राष्ट्रिय सीमाभित्र रचित साहित्य-कला हो, तर एउटा मूलधारभित्र अनेक विशेषताले युक्त सहधारहरू हुन्छन्– डायास्पोरा एक हो । त्यो पनि मूलधारको एक प्रकृति हो, भेद वा सहायक तत्व हो । डायास्पोरा दुइटा (वा धेरै) स्थानहरूसित सम्बद्ध, भिन्न भूगोलको आन्दोलन हो । यो मूल स्थानसँग जस्तै स्थानभ्रंश अथवा विस्थापनसित पनि सम्बद्ध हुन्छ । वास्तवमा डायस्पोराको अवधारणा अनेकौँ उत्तरउपनिवेशकालीन-समालोचकले उठाएका हुन् । उनीहरू 'राष्ट्र' को प्रभुत्वलाई चुनौती दिन पनि यो कर्म गरिरहेका छन् । यतिखेर कति राष्ट्रले दुईभन्दा बढी देशको नागरिकता दिएका छन्; नेपालमा पनि यसको माग र बहस चल्न थालेको शुभ सङ्केत छ । एनआरएन यसमा लागिपरेको छ ।

डायास्पोरा र विश्लेखन

वर्तमान विश्वसाहित्यले डायास्पोरिक लेखनलाई सिर्जनाको एक विशेष प्रकृतिको रूपमा लिएको छ । यो बदलिँदो परिस्थितिले जन्माएको साहित्यको स्वरूप हो । अहिले आएर त्यस्तो साहित्यको विश्लेषण र व्याख्या गर्नका निमित्त डायास्पोरा क्रिटिसिजमको पनि पूर्णरूपले विकास भएको छ । डायास्पोरा क्रिटिसिजम नौलो क्षेत्र हो । यो शब्दको उपयुक्त समानार्थी नभएकाले यतिबेर यसलाई डायास्पोरा क्रिटिसिजम वा डायास्पोरिक समालोचना वा देशपारीय साहित्य समालोचना भन्नुपर्दछ । विगत दुई दशकयता विश्वसाहित्यमै यस्तो लेखनले अरूलाई छोप्न थालेको छ । नेपाली साहित्यको पनि एउटा महत्वपूर्ण खण्ड त्यताबाट आउने भएकाले त्यसको व्याख्या, विश्लेषण र मूल्याङ्कनको लागि पनि डायास्पोरिक समालोचनाबारेको ज्ञान अत्यावश्यक छ ।

डायास्पोरिक समालोचनाको केन्द्रीय तत्व नै डायास्पोरा हो; अनेक डायास्पोरा नै यसका परिभाषा र विशेषता हुन् । यो एक नवीन सैद्धान्तिक क्षेत्र हो । **डायस्पोरा जर्नल**को प्रथम अङ्क (१९९१) ले यस पदलाई यसरी परिभाषित गरेको छ– ***डायास्पोराले विशेष प्रकारको 'सामाजिक निर्मिति' लाई जनाउँछ जसभित्र पारदेशीय समुदायको जीवन लेखिन्छ ।***

यतिखेर पारदेशीय (ट्र्यान्सन्यासनल) र पारसांस्कृतिक (ट्रान्सकल्चर) जस्ता पदहरू निरन्तर प्रयोगमा आइरहेका छन् । यी पदले क्रमशः एकदेशीय सीमा पार गरी अनेकदेशीय महत्ता प्राप्त गरेका अथवा एक संस्कृति नाघेर अनेकमा पुगेका

विषय भन्ने बुझाउँछन् । अनेक देशमा पाइने, छरिएर वितरित कुनै कर्म, वस्तु वा चरित्र विशेषको अध्ययन गर्ने शास्त्रको पनि जन्म भइसकेको छ– ट्रान्स्न्यासनल स्टडिज । ट्रान्स्जेन्डर, ट्रान्सहिमालयन, ट्रान्सएटलान्टिक अरू उदाहरण भए ।

यतिखेर डायास्पोरा अध्ययन भन्ने विषय अन्तर्राष्ट्रिय बसाइँ सरुवा, चलायमान जनसङ्ख्याको अध्ययन हो; त्यसको सामाजिक-आर्थिक जीवन, सांस्कृतिक, भाषिक कानुनी परिवेश र यसले निर्माण गरेको तेस्रो शक्तिको कुरा हो । एकप्रकारले परम्परित राज्य-सरकारको अवधारणालाई चुनौती दिँदै निर्माण भएको नयाँ विश्वसरकार हो । तर यसका सांस्कृतिक, कानुनी, राजनीतिक आधार सबैतिर अस्थिर, चलायमान र कमजोर हुन्छन् । सधैँ निर्माणाधीन हुन्छन् । सुरुमा भाषिक, सांस्कृतिक, धार्मिक अस्तित्व स्थापनाका प्रयत्न देखिन्छन्, अन्त्यमा राज्यस्थापनामा गएर टुङ्गिन्छन् ।

यसको आधुनिक अर्थ र प्रकृति फैलेको भखरै हो– खासगरी सूचना प्रविधि बढेपछि, बहुराष्ट्रिय कम्पनी उदाएपछि, ग्लोबलताले छाएपछि र राष्ट्रिय सीमाले मानिसलाई छेक्न नसकेपछि यस्तो भएको हो । त्यसो त यसको बीज पूर्वआधुनिक कालको उपनिवेशवादी विस्तारसँग जोडिएको छ । एउटा मुलुकका नागरिकलाई अर्को मुलुकमा खेती वा मजदुरी गराउन लाँदा पनि जातीय डायास्पोराको निर्माण बढ्दै गयो । यसरी प्राचीन, पूर्वआधुनिक र वर्तमान गरी तीनवटा कारण र परिणामले युक्त डायास्पोरिक भूगोल र चेतनाको विस्तार भएको छ ।

डायास्पोरा एक भिन्न प्रकृतिको समाज निर्माण हो, यसले विशेष प्रकारको सांस्कृतिक एवम् सौन्दर्यपरक चेतना उत्पन्न गर्दछ । डायास्पोरा क्रिटिसिजममा यस्तो विशेष प्रकारको समाजको साहित्यिक, समाजवैज्ञानिक, ऐतिहासिक, दार्शनिक, मनोवैज्ञानिक चेतनाहरूको उत्खनन गरिन्छ । यस्तो प्रकारको पारदेशीय क्षणको अनुभूति र भिन्नताबोधले डायास्पोरिक समाजका विशेषतातिर तान्दछ । डायास्पोराको सौन्दर्यचेतना नै एकप्रकारको मिश्रित संरचनाले अर्थात् हाइब्रिड टेक्स्चरले निर्मित हुन्छ । त्यस्तो परिस्थिति र समाजको साहित्यमा तिनै कुरा लेखिन्छ, ती कुरा हेर्न, बुझ्न भिन्न समालोचनाको विकास भएको छ । यिनै विशेषताले युक्त समालोचनाको एउटा हाँगो विकसित भएको छ, जसलाई डायास्पोरा क्रिटिसिजम भनिन्छ । यो सैद्धान्तिक लेखनको एउटा हाँगो हो । यसमा यस्तो प्रकारको नयाँ अर्थ-सामाजिक परिवेशमा पुगेको नागरिक र त्यसले त्यहाँ भोगेको जीवन पर्दछन् ।[1]

यस्तो प्रकारको डायास्पोरिक समाजको विश्लेषण गर्दा, त्यहाँको सिर्जनाको अध्ययन गर्दा केही कुरामा ध्यान दिनु आवश्यक हुन जान्छ । यसमा घरदेश (होमल्यान्ड) र परदेश (अदरल्यान्ड), अतिथि (गेस्ट) र आतिथेय (होस्ट), विस्थापन (डिस्प्लेसमेन्ट) र बसाइँसराइ (माइग्रेसन); विभाजन (फ्रचाक्चर), आप्रवास/निर्वासन (डिपोर्टेसन) जस्ता शब्दको बारम्बार प्रयोग हुन्छ । डायास्पोरा अध्ययनमा बारम्बार आउने अरू पनि शब्द छन्– देशनिकाला (एक्स्प्याट्रिएसन), देशफिर्ती (रिप्याट्रिएसन) निर्वासन (एक्जाइल) आदि । आज संसारभरि छरिएका नेपाली डायास्पोरामा नेपालभित्रका अनेक सांस्कृतिक/भाषिक समुदाय छन्, तर तिनीहरूभन्दा अग्लो सबैलाई ढाक्ने छाता 'नेपालीजातीय' डायास्पोरा बन्दैछ, जसले जातीय परिचयको विस्तार गर्दछ ।

तेस्रो जीवनको कुरा र केही विशेषता

डायास्पोरिक जीवन तेस्रो जीवन हो; तेस्रो संस्कृति । त्यहाँ दुई भिन्न तत्वको मेल हुन्छ । एउटा सानो उदाहरण छ **हार्वडको चौतारी**, खेम दाहालका कवितासङ्ग्रहको शीर्षक । विश्वप्रसिद्ध अमेरिकी विश्वविद्यालय हार्वड र नेपाली डाँडाको चौतारी । यी संयोग नहुने कुरा हुन् तर भए । सत्रौँ शताब्दीका अङ्ग्रेजी कवि जोन डनले मेटाफिजिकल पोएट्रीमा यस्तै असम्भवहरूको बीचमा संयोग देखाएझैँ एक्काइसौँ शताब्दीको जीवन शैली नै पूर्णरूपले मेटाफिजिकल भएको छ– अनेक असम्भवहरूका बीचमा मेल हुन्छ । हामी त्यही जीवन लेख्तैछौँ; त्यसैले हार्वड र चौतारी जोडिए । नेपाली साहित्यमा अरू पनि यस्ता धेरै सिर्जना आउँदैछन्– राजवको **एटलान्टिक स्ट्रिट**, **क्यापिटल हिल**, बेलायती सर्जकको **ग्रिनबिचका प्रतिध्वनिहरू**, सुरेशजङ्ग शाहको **यू. के. नेपाली एक चिनारी**– यी शीर्षकमा उभयभाविता छ, दुई भिन्न संसार जोडिएका छन्; जोड्न खोजिएका छन् । अमेरिकी-नेपाली कविताको सङ्ग्रह **सेतु**ले यही ध्वन्यात्मक अर्थ दिन्छ । वास्तवमा नेपालबाहिरका सबै सिर्जनालाई दुई भिन्न विश्वका सेतु भन्दा हुन्छ । यस्तो संस्कृतिमा बसेर रचिएको सिर्जनालाई वर्तमान विश्वले पारसांस्कृतिक लेखन– ट्रान्सकल्चरल राइटिङ भन्दछ । उदाहरणको लागि जोइ कोगावाको उपन्यास **आबासान**मा जापान छोडेको क्यानाडा नटेकिएको पात्र छ– जापानी-क्यानाडाली । यस्मिन गुणरत्नेको उपन्यास **भारत च्यालेन्जेज हिज इमेज** श्री लङ्कन-अस्ट्रेलियन पात्र र परिवेशले निर्मित छ । सल्मान रुस्दीले यस्तो तेस्रो भूमिलाई काल्पनिक गृहदेश (इम्याजिनरी होमल्यान्ड) भनेका छन् । एकठाउँमा उनी बोल्छन्– अर्थात् बेलायतका-भारतीय लेखकहरू सबै उस्तै प्रकारका

[1] In short, then, diaspora criticism is concerned with the social and aesthetic effects of transnational or global capital which it assumes as condition of late modernity when it might be a condition of late capitalist ideology about economics.

छैनन् । कति पाकिस्तानी छन्, कति बङ्लादेशी, अरू पूर्वी, पश्चिमी वा दक्षिण अफ्रिकीहरू ।[2] त्यसरी एउटा देश अनेकको काल्पनिक गृहदेश हुन पुग्छ ।

माइकल ओन्दाजे, रुथ प्रावर झावला, भिएस नइपल यस्तो कल्पित प्रदेशमा उभिएर लेख्नेको सूची लामो छ । होम सुवेदी जस्ता वर्तमान विश्वका एक चौथाइ लेखक यस्तैगरी योजक-चिह्नित परिचय भएका छन् । धेरै नेपाली स्रष्टा पनि यसैमा पर्दछन् । फरक के छ भने अरू देशका दोस्रो र तेस्रो पुस्तामा पुगिसके । नेपाली पहिलो पुस्ताको अनुभवमा छन् । सबैले नेपालीमा लेख्तछन् । तिनीहरू नयाँ सांस्कृतिक विश्वमा परेकाले दोलन, कम्पन र अस्थिरता; आश्चर्य र अनिर्णय ज्यादा छ । खेमका कविताले यही विशेषता प्रस्तुत गर्दछन् ।

सर्वप्रथम घरदेशबाट उखेलिएको जातीय चेतनाको समग्रता परदेशमा पुगेर के कस्तो मानसिकतामा छ, त्यसको अस्तित्वबोध वा परिचय कसरी प्रस्तुत छ त्यसको अध्ययन र निरीक्षण गर्नुपर्दछ ।

त्यसपछि त्यो सामूहिक चेतनाका परिचायक विशेषता केके छन्, तिनीहरूको निरूपण गर्नुपर्दछ ।

तिनीहरूको मनमा रहेको सम्झनाले बोलेको प्रस्थान चेतना कसरी कहाँ प्रतिबिम्बित छ, त्यसको अध्ययन विश्लेषण हुनुपर्दछ । तिनीहरूका मनमा उठेको स्थानभ्रंश, ग्लानि, सम्झना र दोलनको पनि चर्चा हुनुपर्दछ ।

डायास्पोरिक समुदायले मनमा रहेको अतीतको वा घरदेशको सम्झनालाई जोगाइराख्ने अनेक उपाय गरेका हुन्छन्, उनीहरू अनेक प्रकारको सांस्कृतिक चेतनालाई त्यो समाजमा पुनरुत्पादन गरिरहेका हुन्छन् । त्यहाँ पुगेर पनि आफ्ना देशका नदीनाला, ठाउँ गाउँ, वृक्ष वनस्पतिको नाम राख्ने काम गर्दछन् । यताका चाडपर्व, महोत्सव र सांस्कृतिक बिम्बले प्रतिकृतिको रचना गर्दछन् । यी तङ्वको सम्झनाले र प्रयोगले नयाँ समाज निर्माणमा सहयोग गरिरहेको हुन्छ । विदेशमा खोलिएका नेपाली खानाघर, अनेक सांस्कृतिक मण्डली, समूह, चौतारी र त्यहाँ देशकै सम्झना र सिकोमा गरिने कार्यक्रम हेर्दा हुन्छ । यो भिन्न महादेशमा मोतीजयन्तीको अवसर पारेर यो कार्यक्रमको आयोजना हुनु एक सङ्केतार्थ हो अघि रुसमा महाकवि जयन्तीमा सातदिने कार्यक्रम भएझैं ।

त्यसो त डायास्पोरिक शब्दलाई अनेक प्रकारका प्रवासलाई जनाउन आलङ्कारिकरूपले प्रयोग पनि गरिएको छ– देश निष्कासित, निर्वासित, राजनीतिक शरणार्थी, विदेशी, बसैंसरुवा, जातीय-जनजातीय, अल्पसङ्ख्यक सबैलाई बुझाउने शब्दको रूपमा पनि प्रयोग हुने गरेको छ । व्यापक दृष्टिले हेर्दा आफ्नो मातृभूमिभन्दा बाहिर गएर बसेका सबै भन्ने अर्थ्याइएको छ । यो परिभाषा साफ्रानले दिएका हुन् । यस्तो प्रकारको निर्वासित, अल्पसङ्ख्यक समुदायभित्र निम्न विशेषता पर्दछन् :

१) तिनीहरू (वा पितापुर्खा) विशिष्ट मौलिक घरबाट छुटेर विदेशी भूभागमा प्रवेश गरेका थिए;
२) उनीहरूको मनमा आफ्नो पुर्ख्यौली भूमिबारेका सम्झना, कल्पना, मिथक-कथा छन्;
३) आफ्नो आतिथेय समाजले आफूलाई पूर्णरूपले कहिल्यै स्वीकार गर्दैन भन्ने थाहा हुन्छ र उनीहरू आंशिक रूपले एक्लिएका र पृथक्कीकृत हुन्छन्,
४) उनीहरू आफ्नो पुर्ख्यौली घरलाई याथार्थिक केन्द्रको रूपमा मान्दछन् र एकदिन त्यहाँ फर्किनेछौं भन्ने दृढ विश्वास लिन्छन् ।
५) सामूहिक चेतनामा सधैं आफ्नो मातृभूमि हुन्छ; त्यसप्रति उनीहरू कुनै प्रकारले आफ्नो एकता, प्रेम र श्रद्धा प्रकट गरिरहन्छन् ।

कति समीक्षकले ता गृहदेशको अतिप्रेम देखाउनाले अर्थात् परदेशमा पुगेर पनि आफ्नै मूल जातीय एकत्वमा बढी त्याग गर्नाले, त्यसप्रति बढी श्रद्धाप्रेम देखाउनाले आतिथेय मुलुकको मनमा सधैं चिन्ता, सन्देह र अपसोच पनि उत्पन्न गराइदिन्छ भन्ने ठान्दछन् । हामीले पनि त्यसको केही प्रमाण देखेका छौं । भुटानी नेपालीलाई निर्वासित गर्ने बेलामा कतिले आरोप लगाए– यिनीहरू भुटानमा बस्छन्; ढोका छेउमा नेपाली राजारानीको तस्बिरलाई पूजा गर्दछन्, दसैंमा तिनै राजाको टिको लाउँछन् । भोटे राजालाई मान्दैनन्; त्यसैले ती भुटानभक्त होइनन् ।

तर सत्य के हो भने यस्ता डायास्पोरिक समुदायको मनमा कुनै अभिघातक क्षणको सम्झना रहिरहन्छ, पाखा निस्केर छरिए पनि त्यसले उनीहरूलाई खेदिरहन्छ– भुटानी शरणार्थी, तिब्बती, बङ्लादेशी, पाकिस्तानी, अफगानी, तामिल शरणार्थीको मनमा त्यो रहिरहन्छ । तथापि सबै बहिगर्मनहरू अभिघातक हुँदैनन्, नेपालीहरू बिस्तारै इतिहासभरिको यात्रा तय गरेर आज कहाँकहाँ पुगेका छन् । रामशाहका पालादेखि भुटान लगिएका, त्यतै आसाम, बर्मा र अन्य प्रदेशमा छरिएका, कतै सन्धिसर्पनका कारण काटिएर सिमानापारि पुगेका दार्जिलिङ/सिक्किमझैं कति हो कति । त्यस्ताहरू दुईतीन सय वर्षपश्चात् बेलायतका, हङकङका, अमेरिकाका नागरिक भएका छन् । युद्ध, द्वन्द्व, जातीय विद्रोह आदिमा नपर्ने स्थितिका पनि बहिर्गमनहरू छन् । काम, शिक्षा, व्यापार र अन्य कारणले पनि त्यहाँ पुगेका छन् । त्यसरी पाखा पुगेपछि बिस्तारै एउटा

[2] England's Indian writers are by no means all the same type of animal. Some of us, for instance, are Pakistani, others Bangladesh. Others West, or East, or even South Africa.

विशेष भावात्मक सुरक्षाभूमि (मातृभूमि) को निर्माणमा उनीहरूको मन जाँदो रहेछ, त्यो स्वाभाविक हो । त्यसैलाई रुस्दीले काल्पनिक मातृभूमि भनेका हुन् ।

उभयभावी चेतना र योजक चिह्नित परिचय

उनीहरूको मनमा एक दिन घर फर्किनेछौँ भन्ने मिथको निर्माण हुँदै, भत्किँदै गर्छ । नेपालका भुटानीहरू, जर्मनका टर्कहरू, छरिएर बसेका कस्मिरीहरू...। एउटा एम्बिभ्यालेन्स, सधैँको उभयभावी चेतना पालेर बसिरहेका हुन्छन् । उभयभाविता ठूलो कुरा हो । बेलायती-नेपालीले गरेका कार्यक्रममा भागलिँदा मैले देखेँ, स्टेजको एक छेउमा बेलायती झन्डा छ अर्को कुनामा नेपालको, रुसमा देखेँ एक छेउमा रुसी झन्डा अर्को छेउमा नेपाली झन्डा । अहिले नै हेर्नू–

एउटा पुस पोर्टल एकातिर स्टाचु अफ लिबर्टी, अर्कातिर स्वयम्भू राखेर होमपेजको लोगो छ । सगरमाथामा न्युजिल्यान्ड र नेपालका झन्डा गाडेझैँ । उनीहरू सर्वत्र योजक-चिह्नित (हाइफनेटिड) हुन्छन्, जस्तै– अमेरिकी-नेपाली, बेलायती-नेपाली, हङ्कङे-नेपाली आदि । यस्तो योजक-चिह्नित परिचयको लागि उनीहरू पनि लडिरहेका छन् । गोर्खा-ब्रिटिस सैन्यको अधिकार लडाइँ र विजय एउटा उदाहरण हो; अमेरिका, क्यानाडा, अस्ट्रेलियातिर स्थायी बसोबासको अधिकार प्राप्त गरेका, गर्न सङ्घर्षरतहरूको अर्को कथा ।

ब्रिटिस-अमेरिकन, अफ्रो-करिबियन, ब्रिटिस-इन्डियन, यस्ता केही द्विजातीय र योजक-चिह्नित परिचयहरू विश्वभरि छन् । नेपालीको कुरा गर्दा देशभित्रै बर्मेली-नेपाली, आसामे-नेपाली, भुटानी-नेपाली, मलाया-नेपाली, लाहुरे-नेपाली, इन्डिया लाहुरे-नेपाली, ब्रिटिस लाहुरे-नेपाली कति हो कति यस्ता योजक-चिह्नित परिचय छन् । त्यसैअनुसार कतिपय सिर्जना यसप्रकार छन्– भारतीय-नेपाली कविता, सिक्किमेली-संस्कृति, आसामेली-साहित्य– यी सबै दुईदेशीय परिचायक हुन् ।

अघिको नेपाली साहित्य नजिकको, वरिपरिको खासगरी भारतीय भूभागसँग जोडिएको थियो, अब यो साँच्चै नै ट्रान्सन्यासनल हुन लागेको छ । बेलायती-नेपाली कविता, हङकङेली-नेपाली कथा, अमेरिकी-नेपाली महाकाव्य र उपन्यासहरू आउन थालेका छन्, तर नेपालीको डायास्पोरा निर्माण प्रक्रिया नयाँ हो । अनादिकालदेखि नै तिनीहरू यात्रा, वाणिज्य, पारिवारिक सम्बन्ध, सांस्कृतिक र साञ्चारिक अन्तर्जालमा नपसेकाले गर्दा हाम्रोमा अफ्रिकी-अमेरिकी जस्तो सीधा सम्बन्धका लामा औपनिवेशिक इतिहासका गाथा जोडिएका कुरा छैनन् । सैन्यजीवनसँग जोडिएका त लामा पनि छन्, तर तिनीहरूको विषयमा सिर्जना छैन भन्दा हुन्छ केवल इतिहास छ । नेपाली जातिको कुरा गर्दा भिन्न स्थितिका आंशिक डायास्पोरिकता बढी छन् । यस्तो स्थितिलाई विज्ञहरूले बहुस्थानिक डायास्पोरा भनेका छन्, जसलाई कुनै राजनीतिक सीमाले बाँध्न वा परिभाषित गर्न सक्तैन ।

भौगोलिक सिमाना जोडिएका कतिपय देशहरूमा मानिसले भौगोलिक सीमाको ख्यालै गर्दैनन्, ती वरिपरिको भूभागसँग मिसिएका सांस्कृतिक-भाषिक एकाइको रूपमा परिचित हुन्छन् । दक्षिणतिरका मैथिली, भोजपुरीभाषी, पूर्वका नेपालीभाषी, उत्तरका तिब्बती भोटेभाषी– नेपालमा ती छुट्याउन मुस्किल छ । सबै देशका सीमाक्षेत्र यस्तै हुन्छन् ।

त्यसैले क्लिफोर्डले निश्चित अर्थात् द्विध्रुवीय (बाइपोलर) डायास्पोराको व्याख्या गरे तापनि उनले यिनै तर्कको आधारमा द्विध्रुवीय भूबनोटको आधारमा त्यसको विरोध गरेका छन् । यो सत्य पनि हो, सिमानाका, पार्श्विक, अपकेन्द्रित डायास्पोरा पनि हुन्छन् । काँकरभिट्टा, पानीटङ्की सिलिगुडीका अथवा दार्जिलिङका नेपाली जस्तै । क्लिफोर्डले यस्तो बिस्तारै, केवल निकट भूगोलले छुट्याएको डायस्पोरिकतालाई 'पारक्षेत्रीय डायास्पोरा' भनेका छन् जुन पारदेशीयझैँ व्यापक हुँदैन । यसका सीमारेखा त्यति टङ्कारा हुँदैनन्, घरदेश र परदेशको नाता त्यति टाढाको हुँदैन ।

अनेकताको उपस्थिति

अनादिकालदेखि बनेको राष्ट्रिय चेतनामा 'भिन्न तङ्गव' भएर डायास्पोरिक पात्र बनिन्छन् । कति राष्ट्रिय राज्यभित्र अनेक समुदाय 'पसेर' त्यसलाई 'ग्लोबल' राजधानीमा परिणत गरिदिन्छन् । ह्यावरमास जस्ता विद्वान्ले आधुनिक राज्यको परिभाषामा भनेका छन्– 'यसमा एक सुसङ्गतिपूर्ण संस्कृति होस्, साझा 'उत्पति'का आधारमा सबै बाँधिएका हुन्, त्यसो नभए तापनि कमसेकम ऐतिहासिकरूपले ती जनताबीच एउटा स्थिर, सुसम्बन्ध कायम होस् ।'

तर यो एउटा 'मिथ' मात्र हो । नेपालकै स्थिति हेरौँ चार परिवारका भाषाभाषी, चारैतिरबाट प्रवेश गरेका पुर्खाहरू, अनेक संस्कृतिले हामी विभक्त छौँ । हामी एकभाषिता, एकसांस्कृतिकताको कल्पना गर्न पनि सक्तैनौँ । गर्नुपनि हुँदैन, त्यो केवल मिथक हुन जान्छ । त्यसकारण सपिरोले भनेझैँ कि त त्यहाँ हामीलाई ऐतिहासिक गाथाले बाँधोस् त्यसका साथै एउटा ऐतिहासिक 'क्षेत्रीयता' ले भित्र राखोस् । यी तङ्गवले मात्रै एउटा राष्ट्रलाई कल्पित राजनीतिक समुदायको रूपमा स्वीकार्न लगाउँछन् । वास्तवमा नागरिक भन्ने कुरा कानुनी परिचय प्राप्त, एक निश्चित भूभागमा बस्न पाउने (त्यसले परिचित) राज्यले दिने सुविधा र अधिक उपयोगी सांस्कृतिक समुदाय हो– यो एउटा साझा जातीय र सांस्कृतिक परम्पराले जोडिएर

बाँधिएको हुन्छ । यसर्थ त्यो एक स्थिर र अचल तङ्गव पनि हो । डायास्पोरिक समुदाय भनेको यस्तो आदर्श संरचनाभित्र खण्डितमनस्कतासँग पसाइएको– घुसाइएको समूह हो– जसले एकताको प्रयत्नमा प्रवेश वा स्वीकृति पाउँछ अथवा बहुलतावादी राष्ट्रको स्वरूपमा सहभागी हुन्छ । यस्तो एक उदाहरण छ वर्तमान अमेरिका । हिजो अमेरिकालाई द्रावणपात्र (मेल्टिङपट) भनिन्थ्यो । त्यहाँ पुगेर सबैथोक विलयन हुने गर्दथ्यो, तर आज त्यस्तो द्रावणपात्रको अवधारणा बदलिएको छ, त्यस्तो विविधतायुक्त संरचनालाई सलाद बौल भनिन्छ । एउटै भाँडामा काटेर मिसाइए तापनि सलाद बौलभित्र परेको गाँजरको, कोपीको, काँक्राको, सागको प्रत्येक तङ्गव अरूसँग मिसिए पनि आफ्नो रङ्गरूप, स्वाद, आकार यथारूप जोगाएर राख्तछ । आजका ठूलाठूला राष्ट्रमा पसेका डायास्पोरिक समुदायको स्थिति ठीक त्यस्तै हुन्छ; त्यस्तै हुनुपर्छ । त्यसलाई मोजाइक प्याटर्न पनि भनिन्छ । भुइँमा ओछ्याइएका प्रत्येक मोजाइकको रङ्ग, रूप, आकार, यथारूप हुन दिनु । ठूलो होस यो सानो, कालो वा सेतो एउटा हार्मोनी वा प्याटर्न मिलाएर समग्रताको लागि बस्नु । त्यसैले ठूलाठूला राज्यमा भएका डायास्पोरिक समुदायले आफ्नो अस्तित्व स्थापनार्थ गरेका प्रयत्नहरू, तिनको रिकग्निसन ।

डायास्पोरा भौगोलिक कुरा मात्र होइन, मानसिक पनि हो । एउटै देशभित्र पनि कतिपय आन्तरिक डायास्पोरा रचिएका छन् । काठमाडौँमा बनेका गुरुद्वारा, मस्जिद, किराँती पूजा र सद्गतिका भेला, खिस्तानी चर्च र कब्रिस्तान यी सलाद बौलभित्रका आआफ्नो कलर हुन्, मोजाइकका टुक्रा जस्तै ।

डायास्पोरिक जीवनमा प्रवेश

नेपाली साहित्यले बेलायत/अमेरिकातिर पुगेका कतिपय अवैध प्रवेशीको मानसिकता उतार्ने साहित्य पनि रचेका छन् । होमनाथ सुवेदीको उपन्यास **यमपुरीको महल** एउटा उदाहरण हो । यसमा अनेकौँ महिना सबवेमा समय विताउने पात्र छ, जसको लामो जीवनखण्डलाई भय र चिन्ताले निलिदिन्छ । हिरण्य भोजपुरेको **अमेरिका ओ अमेरिका**मा यो अवैध छ भन्ने थाहा पाएपछि ठगिएकी पात्र, हालैको नम्रता गुरागाईंको कवितामा ग्रीन कार्ड पर्खिरहेको पात्र, राजबको उपन्यास **एटलान्टिक स्ट्रिट**मा र उनको कथासङ्ग्रह **क्यापिटल हिल**मा डायास्पोरिक सिर्जनाको यथार्थता पाइन्छ । कृष्ण खनालको **पातालकी प्रेयसी** अनि यता निरन्तर प्रकाशित भइरहेका अनेक कृति छन् । सबै महादेशबाट ती आइरहेका छन् । तिनमा भिन्न पात्र छन्, परिस्थिति छन् । यिनीहरूका मानसिकता अनेक प्रकारका छन् । कति निम्नकोटिका कामदार छन् । कति भागेर-लुकेर भूमिगत जीवन बिताउने, सामाजिक जीवनमा पाखा आउन नसकिने, सरकारको तथ्याङ्कमा नदेखिने हुन्छन् । यसप्रकारका कृतिको सूची अत्यन्तै लामो छ, तिनीहरूको विधागत विभाजन र सोअनुसारको अध्ययनले अर्कै परिदृश्य उद्घाटन गर्न सक्छ । त्यो कुरा गर्न बाँकी छ ।

यस्ता कृतिमा प्रस्तुत नेपाली पात्रका विवशताको शोषण गर्नेहरू हुन्छन् । सीमा पार गर्न, भित्र पस्न कैयौँ दिनको भोकतिर्खा र खतरा सहेर अवैध मार्गमा लुक्तै, लुटिँदै– सन् २००० मा इङ्लिस च्यानल पार गरेर बेलायत जान पसेका धेरै चिनियाँहरू बन्द ट्रकभित्रै मृत अवस्थामा प्राप्त भएका थिए ।

यतिखेर एकदेशबाट अर्कोमा झुक्याउँदै पठाउँने, लोभ्याउँदै बोलाउने र अभर पार्ने काम सरकारको आँखासामु पनि भइरहेको छ । यसप्रकारका नवागन्तुकलाई आपराधिक कर्ममा लगाउने समूहहरू सबै देशमा छन् । कतिबेला लाग्छ, सरकारहरू पनि स्वयम् संलग्न छन् ।

इराकमा १२ जना नेपालीको नृशंस हत्या, त्यसपछि पनि खाडी मुलुकतिर, अफगानिस्तान र अन्य देशमा लुकीछिपी पुग्ने अवैध कार्यमा लाने, दण्डित हुने, मर्ने कति छन् कति । अहिले अवैध इराक प्रवेश र त्यहाँका कामदारको कथा दैनिक समाचार हुँदैछ । जापान, कोरिया, मलेसिया आदितिर पस्ने र डिपोर्ट हुनेहरू त्यत्तिकै छन् । अन्य भूमिमा पनि अनाम नागरिकहरू कति भूमिगतै छन् । यसरी सीमापारि अर्कै यथार्थताको कथा आरम्भ हुन्छ । कति त देशले सस्तो श्रमको लागि त्यस्तो जनसङ्ख्याको आफैँ आह्वान गर्दछ । पठाउने बोलाउने दुवै देश छन् ।

यी तीनै प्रकारका (वैध, अर्धवैध र अवैध) आप्रवासीले निर्मित डायास्पोरिक समुदायका भोगाइ र मानसिकता बेग्लाबेग्लै हुन्छन् । यतिखेर बेलायतमा रहेका सेनामा काम गर्ने नेपालीको सेवासुविधा र प्रतिष्ठा कति माथि पुगेको छ, तर अन्य प्रकारले कामको खोजीमा त्यहाँ पस्ने सहभागीहरू प्रायश: अर्कै निम्न र भिन्न जीवन गुजारिरहेका छन् । गोर्खाली सैन्य र अन्य सिभिलियनहरूबीचको अन्तर अरू देशमा पनि त्यस्तै छ– भारत, मलाया, हङकङ, सिङ्गापुर, अफगानिस्तान । अन्य देशमा पनि स्थायी आप्रवास पाएका र नपाएकाहरू, तिनीहरूको मनोजगत् बेग्लै हुन्छ, तिनीहरूको साहित्य फरक ।

अवैध रूपले अथवा निम्न ज्यालामा बसेकाहरूको जीवन निसास्सिएको हुन्छ । उनीहरू कानुनी डरले सङ्घसंस्थामा देखिन सक्तैनन् । निम्न आयको कारणले जीवन सधैँ सन्त्रासमै भोगिरहेका हुन्छन् । यी सजिलै वश्य, युनिअनमा जान नसक्ने निर्वासन (डिपोर्टेसन) को धम्कीले गर्दा शोषित अवस्थामा पनि भूमिगत श्रम उपलब्ध गराउन तत्पर अवैध श्रमिक

ओसारपसारमा ठूला देशहरूकै स्वार्थ्य छ । त्यस्तो प्रकारको श्रमिकलाई राष्ट्र वा परिचयको पनि आवश्यकता पर्दैन, तर एउटा महङ्गवपूर्ण पक्ष के छ भने अहिले देशबाहिर जानुको अर्थ एउटा फराक संसार खोज्न, विचरण गर्न, आफ्नो प्रतिभा देखाउन जानु जस्तै पनि भएको छ । यसमा कुनै नकारात्मकता छैन, बरु सकारात्मकता छ । अब यसलाई 'ब्रेनड्रेन' भनिँदैन 'ब्रेनगेन' भनिन्छ । अहिले चलायमान जनसङ्ख्याको ठूलो अंशको लागि त्यो अनिवार्य पनि भएको छ ।

यतिखेरका धेरै विश्वनागरिक योजक-चिह्नित परिचयमा छन्, यता र उता दुवै देशलाई टेक्न नसकेका छोड्न नसकेका अवस्थामा । यस्तो परिवेशलाई तेस्रो दिक्काल (टाइम स्पेस) भोगिरहेका नागरिक भनिन्छ । कति डायास्पोरिक समुदायहरू बिस्तारै कालान्तरमा त्यो देशको मूलधारभित्रै पचेर ती त्यही देशमा विलयन हुन्छन्– फिजी र त्रिनिदादमा पुगेका नेपाली, थाइल्यान्ड र मलायाका, तिब्वत चीनका, हङकङका, बर्माका– नेपाली; अस्ट्रेलियामा विलीन भएका आइरिस, अमेरिकामा बिलीन भएका अफ्रिकी । कतिले नयाँ ठाउँमा पुगेर बस्ताबस्तै त्यहीँ राज्य खडा गर्नेहरू पनि छन् जस्तै, सिङ्गापुरमा चिनियाहरू ।

त्यसबाट अर्को ठूलो परिवृत्तीय, काल्पनिक राष्ट्रको जन्म हुने रहेछ । जस्तो कि एनआरएनको जन्म र विस्तार । यो गैरआवासीय नेपालीको एउटा बृहत् छाताशक्ति छ भन्ने सोच्ता देश भित्र-बाहिर जहाँ पनि नेपालीलाई गौरव लाग्छ । त्यस्ता विशाल सङ्गठनमार्फत त्यो जातिको स्वाभिमान र परिचयको स्थापना र विस्तार हुन्छ; त्यो व्यापक हुँदै जान्छ । यस्ता प्रकारका मूल जातीय छाता छन्, अरू सांस्कृतिक छन्, भाषिक छन्, साहित्यिक छन्; खेलकुद र सङ्गीतसँग जोडिएका छन् । अन्य मनोरञ्जनका छन् । जीवनमा सबै कुरा चाहिन्छन् । यतिखेर **अनेसास** सर्वाधिक ठूलो साहित्यिक छाता बनेको छ ।

डायास्पोरा समालोचना

डायास्पोरा समालोचनाको सामुन्ने आइपरेको एउटा समस्या भनौँ अनिर्णयको स्थिति के छ भने– त्यो डायास्पोरिक विषय (पात्र/व्यक्ति/सोच) लाई कसरी मिश्रित, अल्पतम, सीमान्त र योजक-चिह्नित मान्नु ? यस्तो लक्षण नभएको समूहसँग तुलना नगरी त्यो पत्ता लाग्दैन । डायास्पोरिक समालोचनाको प्रमुख आधार नै यस्तो जीवनका प्रकार र स्वरूप, त्यो देशका कानुनी प्रावधान र त्यहाँ बस्नेको मानसिकता हुन् ।

डायास्पोरिक समालोचना अनुवादको समालोचना जस्तै हो, यसमा पनि दुईतिरको जानकारी र अनुभवबेगर कृतिको समालोचना हुन नसके जस्तै हो । अरबमा पुगेका नेपालीको द्विध्रुवीय जीवन बुझ्न त्यहाँको संस्कृति, धर्म, कानुन आदिबारे पनि थाहा हुनु आवश्यक छ । हङकङमा लामो सैन्य जीवन बिताएर लेख्ने गणेश राई जस्ता सर्जकका कृति बुझ्न २०० वर्ष लामो ब्रिटिस गोर्खाको इतिहास, पल्टने जीवन र सैन्य साहित्य बुझ्नुपर्छ । भारतीय गोर्खा र अन्य नागरिकको जीवन बुझ्न सञ्जय रानाको **द गुर्खाज् सेटलमेन्ट एन्ड सोसाइटी** (२००८) जस्ता अनुसन्धानात्मक कृतिको पठन आवश्यक छ । वरिपरिका जाति, तिनीहरूका भाषा-संस्कृति, भूगोल र राष्ट्रिय मनोवृत्तिबारे ज्ञान हुनुपर्छ ।

डायास्पोरिक समालोचनामा जेन्डर पनि महङ्गवपूर्ण कुरा हुन जान्छ । कति संस्कृतिमा नारी बाहिर निस्कँदैनन् । भारत र अन्यत्र काम गर्न जाने नेपालीहरूमा असी प्रतिशत पुरुष नै हुन्छन्; तिनीहरूलाई सो देशमा पूर्ण सांस्कृतिक समुदाय निर्माण गर्नु असम्भव हुन्छ, तिनीहरू बढी द्वैध मानसिकता र उभयभावी अस्थिर चेतनाका हुन्छन् । यहाँबाट खाडी मुलुक जानेहरूले घरबाट अलिकति सिद्रा, धूलो अचार, गुन्द्रक, सिन्की, दुई माना चिउरा र गाउँका जडीबूटी लिएर जान्छन् । एउटा जालीरुमाल, केही तस्बिर र परिवारजन बोलेका आवाज, खिचेका भिडियो क्लिपहरू पनि । उताबाट घरको लागि लुगाफाटा, घडी, मोबाइल सेट, टिभी वा यस्तै लिएर आउँछन् । सम्बन्ध अस्थिर द्वैधतामा अडेको हुन्छ, तर सधैँ पुरुष मात्र बाहिर गएका छैनन् ।

यता युरोपले के अनुभव गर्दछ भने विदेशमा पुगेर घरेलु कामदार आदिमा जीवन व्यतीत गर्ने फिलिपिनोमध्ये नारीको सङ्ख्या नब्बे प्रतिशत छ । बाह्य मुलुकमा काम गर्न जानेमध्ये होटलमा, रेस्टुराँमा र हस्पिटल वा क्लिनिकतिर हुन्छन् । डायास्पोरा निर्माणमा तल्लो तहको कामदारको अत्यधिक सङ्ख्या भयो भने त्यसले त्यो देशमा असन्तुलन उत्पन्न गर्दछ, पुरुषको वा नारीको मात्र सङ्ख्या असन्तुलित भयो भने त्यसले पनि दुवै देशमा सांस्कृतिक वा सामाजिक समस्या उत्पन्न गर्दछ । यस प्रकारका लैङ्गिक प्रश्नले पनि डायास्पोरा क्रिटिसिजिमलाई छुन्छ । तेस्रो देशका नारीलाई पुँजीवादी मुलुकले मूल्यवान् वस्तुको रूपमा आयात गर्दै लगे भने त्यसको परिणाम के हुन्छ ? दुवैतिर लैङ्गिक असन्तुलनले हत्या, हिंसा, आत्महत्या, अनेक आपराधिक घटना र विभिन्न श्रमिक समस्याहरू उत्पन्न गर्दछ ।

नयाँ ठाउँमा बनेको डायास्पोरिक समुदायले मिश्रित संस्कृतिको निर्माण गरिरहेको हुन्छ । यसमा एउटा केन्द्रीय (कोर) र अर्को गौण (मार्जिनल) संस्कृतिको उपस्थिति सँगसँगै पनि देखिन्छ ।

डायस्पोरिक संस्कृति एक प्रकारको अनेक रङ्गको फ्युजन र अधिमिश्रण हो । त्यसकारण डायास्पोरिक समालोचना गर्दा सीधै कृतिमा प्रवेश गरेर पुग्दैन । कृतिले सङ्केत गरेको भिन्न जगत्, भिन्न पात्र, भिन्न हुन चाहेका तर नसकेका; भिन्न हुन

नचाहेका तर हुँदै गरेका पात्र र तिनीहरूको परिवेश मुख्य कुरा हुन् । त्यहाँ राजनीतिक व्याख्या हुन्छ, केही ऐतिहासिक हुन्छ, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक कारण झन् ठूलो हुन्छ । यो दुई भूमिमा जरा टेकेको एउटा वृक्ष हो । बिस्तारै सेलाउँदै, बिलाउँदै गरेको पनि ।

डायास्पोरिक क्रिटिसिजम साहित्यशास्त्रभित्र परे तापनि अन्य शास्त्रसँग यसको झन् गहिरो सम्बन्ध हुन्छ । यो खासगरी बसाइँसराइको प्रवृत्ति र मनोवृत्तिसँग जोडिएको हुन्छ । डिभिमा अमेरिका जान नपाउनेहरूको धर्ना बस्ने नेपाली सम्झौँ; देश फिर्तीको आन्दोलन माया मारेर अमेरिका उड्ने भुटानीको समूह सम्झौँ । अर्कातिर डायास्पोराको सम्बन्ध परिचयको राजनीतिसँग हुन्छ । यसको अध्ययनमा बसाईं सर्ने, सर्नुपर्ने मानसिकता, बाध्यता र त्यसको इतिहास हुन्छ । यसमा व्यक्ति वा समूहको विभाजन (जातीय/क्षेत्रीय/धार्मिक) र तिनीहरूको पहिचानको कुरा हुन्छ । यसले द्वैध-चेतनाको, उभयभावी मानसिकताको अध्ययन र विश्लेषण गर्दछ । डायास्पोरिक समालोचनाले अनेक प्रकारका परम्पराको निरन्तरता र विच्छेदन, मातृभूमि र अन्यभूमिले उत्पन्न गराएका अन्तरहरू हेर्दछ ।

एउटै डायास्पोरिक समुदायका बीचमा पनि निरन्तरता र विच्छेदनहरू हुन सक्तछन् । डायास्पोराको निर्माण र यसका प्रकारको विकासमा आर्थिक प्रश्नले ठूलो भूमिका खेल्दछ । परादेशीय आर्थिक परिस्थितिले नै मानिसलाई ग्लोबलरूपमा बोलाएको छ, पठाएको छ, छरेको छ । यो प्रमुख कारणसँग कानुनी, सांस्कृतिक, नैतिक, धार्मिक पक्षहरू जोडिएका हुन्छन् । तिनको अघि चर्चा गरियो ।

अन्य भूमिको बास, त्यो परिस्थितिसँगको सम्झौता नै डायास्पोरिकताको मूल विशेषता हो । मानव जाति सामानको एक झोला वा एक भारी उठाएर कतै राखिएजस्तो होइन । उसको वासस्थान परिवर्तित हुनासाथ उसको भौतिक अस्तित्वमा ठूलो प्रभाव पर्न जान्छ र परिणामस्वरूप उसभित्रबाट सुरक्षात्मक संयन्त्र जागेर उठ्छ, अर्थात् प्रतिस्थापन र पुनःस्थापन पीडाको र फिर्तीको गाथा निर्माण हुन्छन् । आफ्नो ठाउँ छोडेर अन्यत्र सरेपछि आफ्नो भूमि, सांस्कृतिक कथा, इतिहास र परिवेश, मनमा उठेर आउँछ । व्यक्तिगत इतिहाससँगै राष्ट्रिय चेतना, भाषिक प्रतिध्वनि, अनेक सम्झना र स्मृत्याभास बिस्तारै बदलिँदै गएर म कहाँ र कसको हुँ, मलाई केले सुरक्षा दिन्छ भन्ने चिन्तामा परिणत हुन्छ । मनको पहरा (टोपस्) मा यी इच्छा, चाहना र सम्झना खेल्दा मानिस भित्री धरातलमा पुगेको हुन्छ ।

नेपाली साहित्यविशेषको प्रसङ्ग

पहिले बेलायत-अधीनस्थ देश आज स्वतन्त्र छन्, तर पनि तिनीहरू एउटा सम्बन्धले बाँधिएका छन्– त्यो सूत्र हो कमन्वेल्थ । तिनीहरूले कमन्वेल्थ साहित्यको निर्माण गरेका छन्, तर यो सङ्गठनमा पस्ने अधिकार नेपाललाई नभएकाले गर्दा अहिले निस्केका ती देशको अध्ययन अनुसन्धानमा आधारित ठूलाठूला ग्रन्थमा नेपाल छैन । उहाहरणको लागि **दि आर्नोल्ड एन्थोलोजी अव् पोस्ट कोलोनिअल लिटरेचर** हेरौँ । त्यहाँ उत्तरउपनिवेशकालको एउटा चेतना र समय भोगेका अफ्रिका, अस्ट्रेलिया, क्यानाडा, क्यारिविया, न्युजिल्यान्ड, साउथ एसिया जस्ता महादेश खण्डहरू छन् । एसियाको मात्रै इन्डिया, श्रीलङ्का, बङ्लादेश, पाकिस्तान, सिङ्गापुर, फिलिपिन्स, थाइल्यान्ड समेटिएका छन् । त्यस्तै गरी विश्वमा छरिएको एसियाली डायास्पोरिक चेतना, इतिहास र वर्तमानबारे गरिएका अध्ययन अनुसन्धानले भरिएका **सोसिओलजी अव डायास्पोरा** जस्ता ठूला ग्रन्थ हेरौँ, त्यहाँ बङ्लादेश, इन्डिया, श्रीलङ्का, पाकिस्तान, अफगानिस्थानलगायत विश्व छ, तर नेपालको नाम छैन यद्यपि अनेक नेपाली डायास्पोराको अस्थिरता परिचित छ; त्यहाँ पनि लड्दै छ, गर्दैछ, स्थापित हुँदैछ । नेपालको एक चौथाइ जनसङ्ख्या सधैँ अस्थिर छ, यात्री छ, भित्रबाहिर गरिरहन्छ, विश्वबजारमा चलिरहन्छ । यत्तिको जनसङ्ख्याको लामो समय उपनिवेशित भएकाले र अधिक जनसङ्ख्याको कारणले भारत विशेषरूपले व्याप्त छ ।

आज सल्मान रुस्दी, डम मोऱ्यास, अमिताभ घोष, रोहिन्टन मिस्त्री, विक्रम सेठ, किरण देसाईं आदिले भारत मात्र लेख्तै छैनन्, ती विभाजित मानसिकता र डायास्पोरिक चिन्ता लेखिरहेछन् । हालै बहुप्रशंसित भएकी झुम्पा लाहिरीका कृतिले त्यही बताउँछन् । उनीहरू निर्वासनको प्रमुख समस्या र त्यसको मनोविज्ञानवरिपरि छन् । तिनीहरूको साहित्यमा त्यही लेखिएको छ ।

डायास्पोरिक समालोचनामा निर्वासन चेतना र मानसिकता केलाइन्छ । हालका दशकमा मानिसहरू सांस्कृतिक एकताको भावबेगर, भावात्मक एकताको उद्देश्यबेगर 'विश्वनागरिक' बन्न आफ्नो सिमाना नाघेर अन्यत्र पस्तैछन् । यतिखेर एकखाल वा एकथरी लेखकले यही परिस्थितिलाई लेखिरहेका छन् ।

विश्वइतिहासमै एसियाली र अफ्रिकीहरू निर्वासनको समस्याले अत्यधिक समातिएका नागरिक हुन् । उनीहरू खालि पश्चिमी विश्व ताकेर हाम्फालिरहेका छन् । त्यो आप्रवासन सयौँ वर्ष पुरानो भइसक्यो । त्यहाँ पुग्दा स्वेत र अस्वेतबीचको अन्तरले गर्दा उनीहरूलाई विभिन्न अनुभव प्राप्त हुन्छन् । त्यो साहित्यकलामा त्यही लेखिएको छ । त्यसकारण एसियन र

अफ्रिकनले पश्चिमतिर गएर लेखेको साहित्यमा आएका समस्या र संवेदना फरकफरक छन् । यी प्रत्येक देशले द्विदेशीय डायास्पोरिक सम्बन्ध र त्यसको साहित्य विश्लेषण गर्ने आफ्नै संरचनाको विकास गरेका छन्, मापदण्ड बनाएका छन् ।

दुईतिरको चेतना मिश्रित हुँदा प्रत्येक लेखक यसबेला द्विसांस्कृतिकता लेखिरहेको हुन्छ । एउटा ठिमाहा चरित्र अझ मोजाइक चेतना, मोजाइक रङ्ग र चिन्तन; अलगअलग तर मिलेर । डायास्पोरिक समुदाय रमाउँदै गएको ठाउँमा वहुसांस्कृतिक चित्र पनि बनिएको छ । यद्यपि त्यसभित्र पीडाहरू थुप्रै लुकेका छन् ।

निर्माणाधीन हामी

अधिकांश भारतीय, श्रीलङ्काली, पाकिस्तानी लेखकले अङ्ग्रेजी भाषाको प्रयोग गरेका छन्, तर नेपाली लेखकको निमित्त डायास्पोरिक समुदाय र मूल समूहबीचमा सञ्चार अवरुद्ध छ । यसको प्रारम्भिक धरातल स्थापना भएको छैन, नेपाली समालोचक/पाठकले यो नवीन विश्व-परिस्थितिबारे अध्ययन चिन्तन गरेका छैनन् । यसको सैद्धान्तिक आधारभूमि निर्माण भएको छैन । नेपाली डायास्पोरा निर्माणाधीन छ, अरू झैँ पुरानिएर स्थापित भइसकेको छैन, यो परिभाषित हुने क्रममा छ, भइसकेको छैन, तर विश्व नै आआफ्ना डायास्पोरा स्थापनाको क्रममा भएको बेला नेपालीको छैन भन्नु हामी आफैँले आफूलाई अपरिचयमा राख्नु हो । अपरिचयमा राख्नु हुन्थ्यो, तर अब नेपाली डायास्पोरामा यो चेतना आइसकेको छ । अमेरिकामा हुन गइरहेको यस विषयको प्रथम सम्मेलन एक ऐतिहासिक र दूरगामी परिणाम उत्पन्न गर्ने कर्म भएको छ । यहींबाट हाम्रो गन्तव्य छर्लङ्ग देखिनेछ ।

कतिको तर्क छ योजक-चिह्नित परिचयले व्यक्तिलाई मार्जिनलतातिर धकेल्दछ । यसले गर्दा बहुलसांस्कृतिक समाजको जन्म हुन्छ र ठूलाले सानालाई विभाजन गर्ने कार्य निरन्तर रहन्छ । लन्डन, न्युयोर्क, बम्बै, हङकङ, थाइल्यान्ड, कलकत्ता जस्ता ठूलठूला सहरमा अल्पसङ्ख्यक परदेशीहरू बस्ने भीड र अस्वस्थ्यकर ठाउँ (गिटो) को विकास भएको छ । ती अलग्गै छुट्टिन्छन् ।

त्यसो भनेर जीवनको खोजीमा झटारिएर उडेका अल्पविकसित मुलुकका नागरिकको त्यो बसाइलाई, त्यो सङ्घर्षपूर्ण जीवनलाई निन्दा र घृणाले हेर्नु हुँदैन; उनीहरूको सङ्घर्ष चेतनाको प्रशंसा गर्नुपर्दछ । भोलिको विश्व मूलको नभएर मार्जिनलको हुनेछ । बाराक ओबामाको विजयले एक यस्तै सन्देश दिन्छ र आशा दिलाउँछ । हामीले योजक-चिह्नित परिचयलाई सगौरव भिर्नुपर्दछ– भारतीय-नेपाली, अमेरिकी-नेपाली, बेलायती-नेपाली आदि । यो डायास्पोरा परिचय हो ।

अहिले आएर सबैले एकरूपतायुक्त राष्ट्रको विरोध गर्दछन् । एक भाषा, एक बोली, एक वस्त्र, एक संस्कृतिले सर्वनाश गर्दछ । त्यसकारण बहुसांस्कृतिक मुलुकमा सानाठूला सबै संस्कृति यथावत् बाँच्न पाउनुपर्दछ । मोजाइक जस्तै आआफ्ना रङ्गमा, आकारमा, टुक्रामा, अर्कोसँग जोडिएर टाँसिएर तर खप्टिएर, छलिएर होइन । डायास्पोराका सबै संस्कृति यथावत् रहनु भनेको त्यही मोजाइक प्याटर्न हो । एउटा स्मरणीय कुरा के छ भने पश्चिमी मुलुकले हाम्रो अध्ययनमा त्यति उत्साह राख्तैनन् । अङ्ग्रेजी साहित्यले पनि त्यसमा चाख राख्तैन । नयाँ विश्वले गरेका पोस्टकोलोनिअल स्टडी, सवाल्टर्न स्टडि र विभिन्न खालका नन्-वेस्टर्न स्टडिजमा हामी आफैँले ध्यान दिनुपर्दछ । एडवार्ड सैदले ओरिएन्टालिजममा पसेर बोलेपछि पश्चिम झस्कियो । भारतीय विद्वान्हरू प्राचीन आर्यचेतनाको महिमा बुझाउन दृढ भएर लागेका छन् । नेपालीले पनि आफ्नो आद्यपरिचयलाई मेटिन नदिई त्यही अडिएर बोल्नुपर्दछ । तेस्रो मुलुकका अधिक नागरिकले डायास्पोयरिक जीवन भोग्नु परेको यथार्थलाई हृदयङ्गम गरी हामीले पनि आफ्नो अध्ययनमा आफैँ लाग्नुपर्दछ– जसरी आज भारतीय विद्वान् लागिपरेका छन् । आजको यो कर्म एक विशेष थालनी हुनेछ ।

एउटा केसस्टडीको कुरा

धेरै इन्डियन लेखक-सर्जक डायास्पोरिक जीवन लेखिरहेका छन् । उनीहरूका दुईतीन पुस्तादेखि अन्यत्र छरिएका डायास्पोरा छन् । क्यानाडेली-इन्डियन डायास्पोराको लामो अध्ययन गर्ने उमा परमेश्वरन (२००७) ले क्यानाडामा लेखिएको भारतीय साहित्यको विशेष अध्ययन गरेकी छन् । त्यो साहित्य ती डायास्पोरिक नागरिक झैँ भारतीय र क्यानाडेली दुवै हो । उनले **राइटिङ द डायास्पोरा**मा ती भारतीय सर्जकको, तिनीहरूका कृतिको वा लेखनको विश्लेषण र मूल्याङ्कन गरेकी छन् । नेपाली डायास्पोराको अध्ययन र अनुसन्धानमा समेत उनले अनुभव गरेका कुरा प्रभावकारी हुने देखिन्छन् ।

कतिपय डायास्पोरा लेखकले आफ्ना कृति नयाँ भूमिको होइन पुरानो, मातृभूमिकै पृष्ठभूमिमा रचना गर्दछन् । जस्तो कि हाम्रा सम्राट उपाध्यायका कतिपय रचना ।

म यहाँ उमामहेश्वरनका केही अनुभूतिलाई प्रस्तुत गर्न चाहन्छु । यस्ता कृतिको मूल्याङ्कन गर्दा कृतिले बोलेको भौगोलिकता एवम् ऐतिहासिकता ती पाठको भौगोलिक एवम् ऐतिहासिक दिक्काल मातृदेशकै पृष्ठभूमिमा लेखेझैँ लाग्छ– तर यथार्थमा ती दिक्कालसित तत्कालीन भूमिको अन्तःसम्बन्ध हुनु पनि आवश्यक छ ।

डायास्पोरिक पाठक वा समालोचकले त्यस्तो कृतिलाई प्राथमिकता दिन्छ जसमा आफ्नै वरिपरिको जगत् हुन्छ, तर आप्रवासीले सुरुमै दुई भूमिबीचको अन्त:सम्बन्ध स्थापना गर्न सक्तैनन् । त्यसकारण नयाँ मुलुक प्रवेशीहरूले चार चरणमा विभिन्न अनुभूतिअवस्था पार गर्दछन् :

१) छोडेर आएको मातृभूमिपट्टिको अतीतस्मरण अपरिचित भूमिमा उत्पन्न हुने भय मिश्रित भएर उत्पन्न हुन्छ ।
२) दोस्रो चरणमा ऊ नयाँभूमिमा सङ्घर्षमा हुन्छ; त्यसैले त्यति धेरै सिर्जना गर्न सक्तैन ।
३) तेस्रो चरणमा डायास्पोराको अस्तित्व स्वीकारी त्यसैमा भाग लिन थाल्छ, त्यहाँका जातीय-सांस्कृतिक कार्यक्रममा सहभागी हुन्छ ।
४) चौथो चरणमा मात्रै नवभूमिमा "पुगेको" चेतनाले छोप्छ, ऊ ढुक्क हुन्छ, त्यहाँको राजनीतिक र सामाजिक जीवनको व्यापक राष्ट्रिय परिवेशमा ओर्लिन्छ, संस्कृतिमा समायोजन गर्छ ।

क्यानाडाली भारतीयको यो अनुभव सर्वत्र लागू हुन्छ ।

गतवर्ष बेलायतको दक्षिणी प्रान्तमा धनबहादुर गुरुङ स्थानीय काउन्सिलको मेम्बर चुनिएका छन् । फोकस्टोन र वरिपरि बसौंदेखि नेपालीको बसोबास हुँदै आएकाले उनी चुनिएका हुन् । नेपालीहरू त्यहाँ धेरै स्थानीय क्रियाकलापमा भाग लिन थालेका छन्, तर डायास्पोरिक जीवनले त्यति चाँडै स्थिरता प्राप्त गर्दैन । त्यति छिट्टै सांस्कृतिक घुलमिल हुँदैन । विगत चारदशकदेखि क्यानाडामा बसोबास गरिहेकी उमा (२००७) को अनुभव यस सन्दर्भमा मननीय छ– *क्यानाडाको डायास्पोरा समुदायको कुरा गर्दा हाम्रो यहाँ "अवतरण" चरण पूरा भइसकेको छ । उज्ज्वल दोसाँझा ब्रिटिस कोलम्बियाको प्रिमियर चुनिएका छन् । अरू धेरै प्रान्तीय र केन्द्रीय मन्त्रीको पनि चुनाव भइसकेको छ, तर हाम्रो सिर्जनात्मक प्रयत्न हेर्दा हामी अझै त्यहाँ "अवतरित" भइसकेका छैनौँ । अझै पनि हाम्रा डायास्पोरिक लेखकहरू मातृभूमिमै अल्झेका छन् र आफ्ना कथाहरू क्यानाडाको पृष्ठभूमिमा लेख्तैनन् । म नयाँ पुस्तामा लेखकमा आशा गर्दछु, जो क्यानाडामै जन्मेका छन्, अथवा सानैदेखि क्यानाडामै बसेका छन्, भोलिका इन्डो-क्याडिअनको निमित्त उनीहरूले क्यानडिअन यथार्थलाई अङ्गाल्ने छन् ।*

यो कुरा अनेक ठाउँका नेपाली डायास्पोराको सम्बन्धमा पनि लागू हुन्छ ।

नेपाली डायास्पोरिक लेखन प्रथम चरणको छ । तिनीहरूका लेखनको अझै मानक तयार भइसकेको छैन, हुँदैछन् तर नेपालीमा लेखेर उता कहिल्यै नजोडिने हुनु, अङ्ग्रेजीमा लेखेर यता कहिल्यै नजोडिने हुनु यी दुवै कुरा उत्तिकै भयावह छन् । अरूको जसरी हामी अङ्ग्रेजी भाषाको हतियार चलाउन सक्ने अवस्थामा छैनौँ । त्यो नसकुन्जेल अथवा हाम्रो उपलब्धिलाई अङ्ग्रेजीले नबोलेसम्म त्यो छोपिएर रहन्छ । त्यसको लागि अङ्ग्रेजी भाषाकै जर्नल पत्रिका प्रकाशन, अत्यधिक अनुवाद र इलेक्ट्रोनिक मिडियामा प्रवेश– यी मात्र विकल्प हामीलाई उपलब्ध छन् ।

लामो समयदेखि डायास्पोरिक लेखनमा लाग्नेहरू माथि भनिएझैँ चौथो चरणमा पुगेका छन् र दुवै भूमि जोड्ने कुरा लेख्न सिकेका छन् । उदाहरणको लागि उमाले लेखेको एक गीति नाटक *(सीताज् प्रमिस)* मा एउटा डायास्पोराको कथा छ– राम, सीता, लक्ष्मण वनवास जाँदा क्यानाडा पुग्छन्; त्यहाँ सीताले स्थानीय (आफ्ना) बालबालिकालाई म फेरि आउनेछु भन्ने प्रतिज्ञा गर्छिन्– म मेरा सन्तानसँग पक्कै आउनेछु अनि हामी संसारका नानीहरूसित गाउनेछौँ, जसले यो भूमिलाई आफ्नो घर बनाउनेछन् । यो एउटा विनिर्मित रचना पनि हो ।

उमाको **त्रिशङ्कु** कवितामा एक पात्रले भारतबाट क्यानाडा जान चाहने मित्रलाई भन्छ:[घ]

म त्यहाँ पुगेको छु मित्र
त्यो भूमि हरियो छ परन्तु हृदय बाँझो थियो
मानिसहरू हार्दिक छन् तर मेरो हृदय
एक्लो थियो
नदीहरूमा पैसा बग्छ तर मेरो हृदय

---

[3] I have been there, my brother,
The land is green but heart was barren
Warm are the people but my
heart was lonely,
Money flows in rivers but my
heart was dry.
Bereft of wants and tensions
Bereft of sorrow and pair
Bereft of comradeship
My heart lost its voice, my brother,
It is not the land for you and me.

शुष्क थियो
चाहनारहित, तनावरहित
पीडा र दुःखरहित
मित्रतारहित
मित्र, मेरो हृदयले आफ्नो आवाज गुमायो
त्यो भूमि तिम्रो लागि होइन, मेरो लागि होइन ।

यस्तो डायास्पोरिक समाज दुईवटा भूमिका जरा टेकेर उभिएको वृक्ष हो । त्यसैले यसमा लाग्ने फूल दुई रङ्गी हुन्छ; यसमा लाग्ने फल पनि दुई स्वादको । डायास्पोराको संस्कृति र साहित्यले त्यही भन्छ । भारतीयहरूले टाढा पुगेका आफ्ना मित्रजनप्रति सहभाव जनाउन अनेक भारतीय डायास्पोराको विस्तृत अध्ययन अनुसन्धान गरेका छन् । यो नवीन स्थितिलाई राष्ट्र र अन्यको चेतनाले पढेका छन्; प्रत्येक डायास्पोरामा बसाइँसराइको देशैपिच्छेको तथ्याङ्क राखेका छन् । डायास्पोरा अध्ययन गर्ने अरू पनि दृष्टिकोण छन्, जस्तै– जाति वा वंशगत, समूहगत, क्षेत्रगत, भौगोलिक क्षेत्रगत, यिनीहरूका बीचको सम्पर्कभाषागत, देशगत वितरण, भूमण्डलीकृत युगमा बस्ने, डुल्ने, फिर्नेहरूको तथ्याङ्क, डायास्पोराले पुऱ्याउने राष्ट्रगत, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग, आदि महङ्गवपूर्ण अध्ययन क्षेत्र हुन् ।

अनेक डायास्पोरा र नेपालीको प्रसङ्ग

विश्वका प्रमुख डायास्पोरालाई विज्ञहरूले यस्ता शीर्षकमा वितरण र अध्ययन गरेका छन्– जुइस डायास्पोरा, ब्रिटिस डायास्पोरा, अफ्रिकन डायास्पोरा, चाइनिज डायास्पोरा, पूर्वसोभियत सङ्घमा रसियन डायास्पोरा, विदेशमा टर्कीको राष्ट्रवादको पुनःपरिभाषा, युरोपका कुर्दहरू, श्रमिकदेखि राजनीतिक शरणार्थीहरू, परादेशीय ग्रीक बसाइँसराइ र वैवाहित नीति, परादेशीय जीवनमा दोस्रो पुस्ता, सेनेगलका लेबनिजहरू, कोरियन डायास्पोरिक राष्ट्रवाद, इरानेली-अमेरीकी, बेलायतमा दक्षिण एसियालीको उपस्थिति, दक्षिण ऐसियाली डायास्पोरामा संस्कृति र मिश्रितता, शिख आप्रवासी र तिनीहरूको मातृदेश, बङ्लादेशी डायास्पोराको बेलायतमा धार्मिक एवम् राजनीतिक परिस्थितिको विश्लेषण, दक्षिण एसियालीको डायास्पोरिक जीवनमा स्मृत्याभाव, इच्छा र यौनिकता; मरिसस जाति– भाषिक समुदाय, बहुसांस्कृतिकता: भारतीय डायास्पोरामा भाषा र पहिचान; मलेसियामा तामिलदेखि, अमेरिकाका भारतीय जैनको दोस्रो पुस्ता, उत्तरी अमेरिकाको मन्दिर सञ्चालनमा भारतीय आप्रवासीको एकता, अमेरिकाका एसियन इन्डियनहरू, क्यानाडामा भारतीय डायास्पोराको आरम्भिक इतिहास र विस्थापन, बेलायतमा कास्मिरीहरूको पहिचान-राजनीति, उच्चदक्षता प्राप्त भारतीय र भूमण्डलीकरणमा तिनीहरूको योगदान, अमेरिकामा भारतीय डायास्पोरा र उपलब्धि आदि ।

यसबाट हामीलाई थाहा हुन्छ, संसार धेरै अघि बढिसकेछ, हामीले विश्वभरि छरिएका आफ्नै नागरिकको विषयमा व्यवस्थित अध्ययन गर्न ढिला गरिसकेछौँ ।

'निर्वासन संवेदना', 'एक्स्प्याट्रिएट सेन्सिबिलिटी' को विषयलाई छोएर साहित्य र संस्कृतिको अध्ययन नगरी नहुने परिस्थिति उत्पन्न भएकैले जगत् त्यता फर्केको हो । हामीले फर्किन ढिला भइसकेको छ ।

यस्ता अनुभवबाट नेपाली साहित्यले अब फड्का मार्नुपर्ने दिन आएको छ । यसको निमित्त वातावरण तयार हुन थालेको छ । नेपालमा यससम्बन्धी आरम्भिक छलफल अध्ययन सुरु भएका छन् ।

वास्तवमा नेपाली साहित्यको एकसय वर्षको इतिहास छ भने विश्वको अनेक देशमा वितरित नेपाली जातिले सघन सिर्जनामा लागेको दुई दशक मात्र हुँदैछ, तर नेपाली जाति व्यापक र उदार परिस्थितिमा पुगेकाले र नयाँ सभ्यता र विकासका प्रयत्नसँग साक्षात्कार हुने अवसर पाएकाले आज नेपालभित्रको भन्दा बाहिरको सर्जक समीक्षक झन् सुसूचित छ । ऊ नेपाली साहित्यलाई नयाँ विश्वतिर लैजान प्रयत्नशील छ । म केही उदाहरण प्रस्तुत गर्दछु–

- सर्वप्रथम अमेरिकामै स्थापना गरिएको अनेसास
- सर्वप्रथम अमेरिकामै आरम्भ गरिएको अनलाइन नेपाली कविता प्रतियोगिता
- सर्वप्रथम अमेरिकाबाटै आरम्भ गरिएको अनलाई सुन्दरी प्रतियोगिता
- सर्वप्रथम बेलायतबाटै आरम्भ गरिएको वेब क्याम अन्तर्राष्ट्रिय नेपाली कविता प्रतियोगिता र पुरस्कार
- सर्वप्रथम रुसमा मनाइको इलेक्ट्रोनिक साहित्य (फ्रि नेपाल) को दश वर्ष
- सर्वप्रथम बेलायत र रुसमा गरिएका नेपाली साहित्यमा उत्तरआधुनिकताविषयक परिसंवाद
- सर्वप्रथम अमेरिकामा आयोजित डायास्पोरिक सिर्जना र मूल्याङ्कन विषयक सम्मेलन

अरू डायास्पोरा केन्द्र छन्; जस्तै : हङकङ । त्यस्तै गरी वर्तमान नेपाली साहित्यको नवीन परिस्थितिबारे अन्तरक्रियाको तयारीमा लागेको छ इन्डियन नेपाली डायास्पोरा सर्वपक्षीय चर्चा विमर्श गराउन भारतीय-नेपाली समाज जुटेको छ ।

भोलि अरू पनि उठ्ने छन् । फ्रान्स, जर्मनी, बेल्जियम, अन्य युरोपीय मुलुक, पूर्वका जापान, कोरिया, मलेसिया, सिङ्गापुर सानो-ठूलो योगदानको लागि सबै सोचिरहेका छन् ।

भोलि नेपालबाहिरका सबै देशलाई जोड्ने एक विश्वएकेडेमी बन्ने छ– नेपाली भाषा, साहित्य विस्तार हुँदै कला-सङ्गीत सबै कुराको ।

यो हाम्रो पहिचानको लडाइँ हो; केवल जातीय पहिचानको ।

यसरी लड्दा हामीले प्राचीन पूर्वीय आर्यचेतना सँगसँगै लिनुपर्दछ; देशको बहुलतापूर्ण परिस्थितिलाई हृदयमा सजाएर बस्नुपर्दछ ।

भोलि नेपाली डायास्पोरिक साहित्यको अध्ययन गर्न हरेक केन्द्रले उठ्नुपर्ने हुन्छ– नेपाली साहित्य परिषद् युके जस्तै, नेपाली साहित्य परिषद् हङकङ जस्तै अनेक देशका साहित्यिक संस्थाले अघि बढ्नुपर्ने हुन्छ । यता रुसबाट युरोप विशेषाङ्क प्रकाशन गर्ने प्रयत्न गरेझैँ, **अनेसास**को **अन्तर्दृष्टि**ले सबै सीमा बाहिर बसेर काम गरेझैँ फ्रि नेपाल डटकम, नेपाली साहित्यघर डटकम जस्ता अनलाइन माध्यमले अझै विस्तारित हुनुपरेको छ । परदेशमा घरदेशको निर्माण, साइबरमा एक मनोजगत्को निर्माण ।

आगामी दिनको लागि म केही प्रस्तावना गर्दछु : अबका दिनमा अमेरिकी-नेपाली कविता, अमेरिकी-नेपाली कथा, बेलायती-नेपाली संस्कृति, बेलायती-नेपाली लेखनको इतिहास, हङकङे-नेपालीका सांस्कृतिक प्रयत्न, रुसी-नेपालीको परिचय, खाडी-नेपालीको परिचय प्रयत्न, जापानी-नेपालीमा भिन्न सांस्कृतिक चेतना... यस्ता अनेक विषयतिर हाम्रो ध्यान जानु जरुरी छ । हाम्रो ध्यान अब एउटा सर्वमिश्रित– हाइब्रिड हुँदाहुँदै पनि आफ्नोपन जोगाउन प्रयत्नरत समूहतिर जानुपर्छ । त्यहाँका भाषिक, साहित्यिक, सांस्कृतिक आदानप्रदान र मिश्रणका कुरा त्यसमा आफ्नो परिचय स्थापनाका प्रयत्न हाम्रा नयाँ अध्ययनका विषय हुनेछन् ।

डायास्पोरा विषयको छलफल र विमर्शले अब एउटा विश्वएकेडेमीकै परिकल्पना गर्नुपर्दछ । नेपाली भाषासंस्कृतिका संवाहक भूमिका खेल्ने प्रत्येक देशमा बेग्लैबेग्लै संस्था हुनेछन्, तर विश्वलाई जोड्ने नेपालबाहिर एउटा विश्वनेपाली एकेडेमीको स्थापना गर्ने बेला भएको छ, जसले नेपालबाट अलग्ग बसेर फेरि नेपालसँगै उभिएर एउटा तेस्रो सांस्कृतिक विश्वको निर्माण गर्नेछ ।

तर **अनेसास**ले स्थापना गरेको डायास्पोरा पुरस्कारले अरू अध्ययन र अनुसन्धानलाई तीव्र रूपमा अघि बढाउनेछ । यो एक स्वागतयोग्य पाइला हो । त्यसका साथै यहाँ आयोजित प्रथम अन्तर्राष्ट्रिय सम्मेलनले डायास्पोरिक अध्ययनमा एउटा मार्ग सुनिश्चित गर्नेछ । यसको हार्दिक स्वागत गर्दै म आजलाई बिदा मागेर यहीँ रोकिन चाहन्छु ।

धन्यवाद ।

सन्दर्भ

उल्फ्रेज, जुलिआन. २००७. सम्पादक. **इन्ट्रोड्युसिङ क्रिटिसिजम् एट द ट्वेन्टिफस्ट सेन्चुरी.** न्यु देल्हीः रावत पब्लिकेसन ।

डुफो, स्टिफेनी. २००८. **डायास्पोराज**. युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस ।

परमेश्वरन, उमा. २००७. **राइटिङ द डायास्पोरा** न्यु देल्हीः रावत पब्लिकेसन ।

भट्टराई, गोविन्दराज. २०६२. **उत्तरआधुनिक ऐना**. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

२०६४. **उत्तरआधुनिक विमर्शः** काठमाडौँः मोर्डन बुक्स ।

मक्लिड, जोन. (सम्पादक) २०००. **द रुटलेज कम्प्यानिअन टु पोस्टकोलोनिअल स्टडिज**. लन्डनः रुटलेज ।

साहू, अजयकुमार एन्ड वृज महाराज. (सम्पादक) २००७. **सोसिओलोजी अव डायास्पोराः ए रिडर**. न्यु देल्हीः रावत पब्लिकेसन । (भोल्युम-१)

साहू, अजयकुमार एन्ड वृज महाराज. (सम्पादक) २००७. **सोसिओलोजी अव डायास्पोराः ए रिडर**. न्यु देल्हीः रावत पब्लिकेसन । (भोल्युम-२)

सुब्बा, टीवी, एसी सिन्हा, जीएस नेपाल, तथा डिआर नेपाल. २००८. **इन्डियन नेपलिज : इस्युज एन्ड पर्स्पेक्टिब्ज्**. न्यु देल्हीः कन्सेप्ट पब्लिसिङः कालापानी ।

***नोट** १. विलियम साफ्रान 'डायास्पोराज इन द मोर्डन सोसाइटिज्: मिथ्स् अव् होमल्यान्ड एन्ड रिटर्न्' डायास्पोरा १:१ (उल्फ्रेज २००७, १–३४ मा सन्दर्भमिति)*

१० साउन २०६६
टचाङ्लाफाँट, कीर्तिपुर